जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९८ पृष्ठः ४ | २०८२ चैत्र ०९ सोमबार (Monday 23 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार नगरपालिकामा कर्मचारी नै योजनाको ठेकेदारीमा सक्रिय

सिरहा, ८ चैत्र। गोलबजार नगरपालिकाका धेरै विकास निर्माणका योजनाहरु जनप्रतिनिधी र कर्मचारीको मिलेमत्तोमा निश्चित व्यवसायी तथा कार्यकर्ताले गर्दै आएको जगजाहेरै छ। हुँदा-हुँदा अव कर्मचारी आफै पनि योजना सञ्चालनमा सक्रिय भएको पाइएको छ।

गोलबजार नगरपालिका वडा नम्वर ८ मा अहिले स्वास्थ्यका एक कर्मचारीले एक महिने 'सिलाई कटाई शिप विकास तालिम' चलाई रहेका छन्। वडा स्तरीय ४ लाख रुपैयाँको योजना श्री नेपाल जागृति विकास केन्द्र, गोलबजार १३ लाई कोटेशन प्रक्रियाबाट जिम्मा दिइएको छ। यस संस्थाका हर्ताकर्ता हुन्, गोलबजार नपा १३ स्थित स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी दिपेन्द्र कुमार महतो।

वडा कार्यालयमा महिलाहरु तालिमकालागि भेला भएपछि स्थानीय युवाहरुले सोधी खोजी सुरु गरेका थिए। तालिम स्थलमा योजनाको सूचनासहितको व्यानार नदेखेपछि खोजी गर्दैजाँदा कर्मचारीले नै योजना सञ्चालन गरेको खुलेको हो। तालिममा सहभागीलाई नास्ता पानीसमेत नदिएपछि योजनाको विषयमा जान्न चाहेर बोलाएको छलफलमा स्वास्थ्य कर्मचारी महतो पुगेका थिए।



छलफलमा कर्मचारी महतोले कार्यक्रमबारे बेलिविस्तार लाउन थालेपछि स्थानीय तपाई कर्मचारी हैन भनेर सोधेपछि उनले कार्यक्रम गरेको खुलेको हो। कर्मचारीले नै कार्यक्रम गरेको सुनेपछि स्थानीय आक्रोशित भएका थिए। त्यसपछि महतोले 'म पनि यो संस्थाको सदस्य हुँ, त्यसैले आयको हुँ', भने।

छलफल पछि स्थानीय शिवकुमार यादवले 'योजनाहरु पनि कर्मचारीले चलाउनु भ्रष्टाचारको नाङ्गो उदाहरण हो, नगरपालिकाको नेतृत्वले यस विषयमा गम्भिर र निश्पक्ष छानबिन गर्नु पर्छ। आउँदा दिनमा कर्मचारीले ठेकेदारी गर्ने व्यवस्था अन्त्य गर्नु पर्छ।' अर्का स्थानीय शेखर यादवका अनुसार कागजमा संस्था देखिए पनि वास्तविक रूपमा कर्मचारी महतोले नै कार्यक्रम चलाइरहेको देखिएको छ। छलफलमा कर्मचारी आएर आफै कार्यक्रमको ठेकेदार रहेको बताएपछि हामी चकित भयौं। कर्मचारी नै ठेकेदार भएपछि पारदर्शिता र शुशासनको अपेक्षा गर्नुको औचित्य छैन।

'जुनसुकै संस्थामा कर्मचारी तन्त्र हावी भयो भने त्यो संस्था कहिल्यै अगाडि बढ्न सक्दैन' भन्ने भनाइ सिरहाको गोलबजार नगरपालिकामा चरितार्थ भएको भन्दै स्थानीयले गुनासो गरेका छन्। सिलाइ-कटाइ तालिम सञ्चालनका लागि वडाले ४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो। नगरले कोटेश्न मार्फत काम गरिरहेको वडा अध्यक्ष देवनारायण मतोले बताए। उनले भने, 'मैले नगरलाई पत्र लेखेर तालिम चलाईदिन भनेको थिएँ। उहाँहरुले संस्थालाई जिम्मा दिएर पठाउनु भएको रहेछ। तलिम भईरहेको छ। मलाई संस्था कसको हो भन्ने जानकारी छैन। तर, स्वास्थयका कर्मचारी दिपेन्द्र कुमार

-बाँकी दुई पेजमा

## २६ वर्षपछि तरेगना खानेपानी आयोजना सञ्चालन

सिरहा, ८ चैत्र। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजले २६ वर्षअघि सुरु गरेको लहान नगरपालिका-१६ स्थित तरेगना खानेपानी आयोजना आजदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ। लामो समयदेखि अलपत्र अवस्थामा रहेको उक्त आयोजना विश्व पानी दिवसको अवसर पारेर उद्घाटन गरिएको हो।

वि.सं. २०५६ मा दुई लाख २५ हजार लिटर क्षमताको 'ओभरहेड ट्यांकी' निर्माण गरिए पनि बोरिङमा पानी नआउँदा आयोजना अलपत्र परेको थियो। गतवर्ष डिभिजन कार्यालयले नेपाल खानेपानी संस्थान लहान शाखालाई बाँकी कामको जिम्मेवारी हस्तान्तरण गरेपछि आयोजनाले गति लिएको हो। 'वाटर एड' नेपालको आर्थिक सहयोग तथा दलित जनकल्याण युवा क्लब लहान र खानेपानी संस्थानको संयुक्त साझेदारीमा सञ्चालित 'विकन परियोजना'ले करिब रु ६० लाखको लागतमा एक वर्षभित्र जीर्ण संरचनाको मर्मत र नयाँ बोरिङ जडान गरी आयोजना सम्पन्न गरेको हो।

नेपाल खानेपानी संस्थान लहानका प्रमुख राकेश गोइतका अनुसार विगतमा गरिएका दुई वटा बोरिङ असफल भएपछि यसपटक दुई किलोमिटर टाढाबाट पानी ल्याइएको छ। उनले भने, "पहिले ट्यांकी छेउमा गाडिएका डिप बोरिङबाट पानी नआएपछि आयोजना ठप्प भएको थियो। हामीले जिम्मेवारी पाएपछि विकन परियोजनाको सहयोगमा दुई किलोमिटर टाढा नयाँ बोरिङ जडान

-बाँकी दुई पेजमा

## सात महिनाकी गर्भवती भनिएकी १४ वर्षीया दलित बालिका बेपत्ता

**मणिलाल विश्वकर्मा**

लहान, ८ चैत्र। सप्तरीको सुरुंगा नगरपालिका- ३, लक्ष्मीपुरमा एक १४ वर्षीया असहाय दलित बालिका एक सातादेखि बेपत्ता भएपछि आफन्तले प्रहरीमा उजुरी दिएका छन्। सात महिनाकी गर्भवती रहेकी भनिएकी ती बालिकालाई स्थानीय महेश्वर यादवले बेपत्ता बनाएको आरोप छ। ती बालिकाका बाबुआमाको निधन भइसकेको छ। बालिकाकी भाउजूले उजुरी दिएकी हुन्।

आफन्तका अनुसार उनी विगत १० वर्षदेखि स्थानीय महेश्वर यादवको घरमा घरेलु कामदारका रूपमा बस्दै आएकी थिइन्। हाल उनी सात महिनाकी गर्भवती रहेको



खुलेपछि ३० फागुनयता गाउँबाटै सम्पर्कविहीन बनाइएको आरोप छ। यो प्रकरणमा घरधनी महेश्वर यादव, उनका करिब २१ वर्षीय छोरा कुन्दन यादव, वडा सदस्य बद्री यादव र स्थानीय धर्मदेव यादवसहित चारजनामाथि अनुसन्धान गरी कानुनी कारबाही गर्न माग गर्दै गत बुधबार प्रहरीमा उजुरी दर्ता भएको हो।

आफन्तका अनुसार गर्भावस्थाबारे जानकारी बाहिरिएपछि घरधनी पक्षको पहलमा गोप्य छलफल भएको थियो। त्यसक्रममा बालिकालाई अन्यत्र लगेर गर्भपतन गराइएको वा लुकाइएको हुन सक्ने आशंका स्थानीयले गरेका छन्। घरधनीले आफ्ना छोरालाई समेत अन्यत्र पठाएकाले लामो समयदेखि प्रलोभन वा दबाबमा यौन शोषण भएको हुन सक्ने अनुमान गरिएको छ। स्थानीय एक आफन्तले भने, 'गर्भ सात महिना पुगेको थाहा पाएपछि घटना दबाउने प्रयास भएको देखिन्छ।

-बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## टन्सिलका लक्षणः

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,

कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,
यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## न्यायपालिका नै सुरक्षा जोखिममा !

भदौ २४ गते सर्वोच्च अदालतलगायत राज्यका अधिकांश प्रमुख संरचना ध्वस्त पारिएको घटनाका सम्बन्धमा सर्वोच्च अदालतले सार्वजनिक गरेको अनुसन्धान प्रतिवेदनमा न्यायाधीश, कर्मचारी र अदालत संरचनामाथि कायम रहेको सुरक्षा चुनौती उजागर भएको छ। यो लोकतन्त्रको मेरुदण्ड मानिने न्यायपालिकाको साख र विश्वसनीयतासँग प्रत्यक्ष जोडिएको विषय हो। न्यायपालिका राज्यका तीन प्रमुख अंगमध्ये नागरिकको अन्तिम आश्रयस्थल हो। कार्यपालिका र व्यवस्थापिकाबाट नागरिकले अपेक्षित न्याय नपाए पनि अदालतबाट न्याय पाइने भरोसा नागरिकमा हुन्छ। तर न्यायाधीश स्वयंले असुरक्षित महसुस गर्ने अवस्था उत्पन्न भयो भने निष्पक्ष न्याय सम्पादनको आधार नै कमजोर बन्छ। सुरक्षा चिन्ताले घेरिएको वातावरणमा स्वतन्त्र निर्णय गर्ने आत्मविश्वास कायम रहन कठिन हुन्छ भने न्यायको गुणस्तरमा प्रत्यक्ष असर पार्न सक्छ।

प्रतिवेदनले देखाएको अर्को चिन्ताजनक पक्ष के छ भने अदालत संरचनामा भएको भौतिक क्षति, अभिलेख नष्ट हुनु र सूचना प्रणाली ध्वस्त हुनुले न्याय सम्पादनको प्रक्रियालाई दीर्घकालीन असर पारेको छ। यस्तो अवस्थाले न्यायमा पहुँच ढिलो, जटिल र अनिश्चित बनाउँछ। यसको प्रत्यक्ष असर अन्ततः नागरिककै संविधानप्रदत्त अधिकारमा पर्छ। त्यसैले न्यायालयको सुरक्षा संस्थागत आवश्यकतामात्र होइन नागरिक अधिकारको संरक्षणसँग पनि जोडिएको हुन्छ। न्यायपालिका स्वतन्त्र, सक्षम र सुरक्षित भएमात्र लोकतान्त्रिक शासन व्यवस्थामा राम्ररी चल्न सक्छ। न्यायालयमाथि आक्रमण हुनु, न्यायाधीश असुरक्षा महसुस गर्नु र अदालतको काम अवरुद्ध हुनुको अर्थ राज्यको विधिव्यवस्थामा गम्भीर कमजोरी देखिनु हो। यस्तो संकेतलाई समयमै सच्याउन नसकिए लोकतन्त्रको आधारभूत संरचनामै अन्तर पर्न सक्छ।

न्यायाधीशले निर्णय गर्दा आफ्नो सुरक्षाबारे चिन्ता लिनुपर्ने अवस्था रहिरह्यो भने निष्पक्ष न्याय सम्भव हुँदैन। त्यसैले सर्वोच्च अदालतको प्रतिवेदनलाई औपचारिक कागजको रूपमा मात्र नभई लोकतान्त्रिक चेतावनीका रूपमा ग्रहण गरी तत्काल ठोस कदम चाल्नु आजको अपरिहार्य आवश्यकता हो। यस सन्दर्भमा प्रतिवेदनले सुझाएको न्यायिक प्रहरी गठन, सुरक्षा संयन्त्र सुदृढीकरण तथा अदालत संरचनाको पुनर्निर्माणजस्ता उपायलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्न आवश्यक छ। न्यायपालिकाको सुरक्षा सुनिश्चित गर्नु प्रशासनिक दायित्व होइन संवैधानिक जिम्मेवारी पनि हो। सर्वोच्च अदालतको प्रतिवेदनमा उठाइएको सुरक्षा चुनौतीलाई गम्भीररूपमा लिनुपर्छ। न्यायपालिका कमजोर भए लोकतन्त्र उपहास सिद्ध हुन्छ।

### २६ वर्षपछि ...

गरी ट्याङ्कीमा पानी चढाउन सफल भयौँ। अहिले २१ घरधुरीबाट वितरण सुरु गरिएको छ भने छिट्टै लहान–१६ र १७ का पाँच सय परिवारमा पाइपलाइन विस्तार गर्ने लक्ष्य छ।"

आयोजना सुरु गर्न २६ वर्षअघिदेखि पहल गर्दै आएका लहान–१६ का ७२ वर्षीय वडाध्यक्ष गडुलबहादुर जर्घा मगरले आयोजना सञ्चालन भएपछि यहाँका स्थानीयले स्वच्छ खानेपानी उपभोग गर्न पाउने विश्वास व्यक्त गरे। उनले भने, "२०५६ सालमा यहाँका नागरिकलाई स्वच्छ पानी खुवाउने सपना बोकेर स र्षसहित आयोजना ल्याएको थिएँ। प्राविधिक समस्याले गर्दा झण्डै तीन दशक कुर्नुपर्‍यो। आज आफ्नै कार्यकालमा तरेगनाबासीको घरघरमा पानी पुगेको देख्न पाउँदा गौरव महसुस भएको छ।"

दलित जनकल्याण युवा क्लबका विकन परियोजना प्रबन्धक राजेशकुमार लोहनीले चुरे क्षेत्रसँग जोडिएको यस भेगमा भूमिगत पानीको स्रोत सुक्दै गएकाले यो आयोजनाले दिगो समाधान दिने विश्वास व्यक्त गरे। उनले भने, "हामीले लहान नगरपालिका र खानेपानी संस्थानसँगको संयुक्त साझेदारीमा सन् २०१८ देखि यहाँको खानेपानी समस्या समाधानका लागि काम गरिरहेका थियौँ। यो आयोजना सम्पन्न हुनु यहाँका दलित र विपन्न समुदायका लागि ठुलो उपलब्धि हो।"

चुरे फेदीमा रहेको यो क्षेत्रमा पानीको सतह घट्दै जाँदा स्थानीय बासिन्दाले लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका थिए। अब आयोजना पूर्ण क्षमतामा सञ्चालन भएसँगै लहानका दुई वटा वडाका बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच सहज हुने भएको छ

### गोलबजार....

महतो पनि आउने गरेको छ।'

तालिम चैत्र २ गतेदेखि सञ्चालनमा आएपनी योजनाको सुचना पार्टी नदेखिएपछी स्थानियले सोधीखोजी गरेका थिए। उनले आफूले पनि योजना सञ्चालनमा सक्रिय भएको सुनेको बताउँदै प्रमाण पुगे कार्वाही गर्ने बताए। यस सम्बन्धमा थप जान्न प्रमुख प्रशासकीय अधिकृत अनन्त पौडेलसँग सम्पर्क गरेपनि उनको फोन स्वीच अफ दियो।

# एक अर्ब सकियो, धारामा पानी आएन






**सुरेन्द्रकुमार कामती**

मध्य गर्मी सुरु भएपछि मधेश प्रदेशका जिल्लाहरूमा बर्सेनि खानेपानीको हाहाकार हुन्छ। गएको जेठमा प्रदेशको आर्थिक केन्द्र वीरगन्जदेखि राजविराजसम्म अनि राजधानी जनकपुरदेखि ग्रामीण बस्तीहरूसम्म खानेपानी अभाव भएपछि प्रदेश र स्थानीय सरकारको समन्वयमा बारुण यन्त्रबाट खानेपानी वितरण गरियो। चुरे दोहन, नदीहरूमा बढ्दो उत्खनन, भूमिगत पानीको सीमापारबाट समेत हुने अत्यधिक दोहनका कारण मधेश प्रदेशमा केही दशकदेखि खानेपानीको अभाव हुन थालेको हो।

सन् २०३० भित्र हरेक नेपालीलाई स्वच्छ खानेपानी पुर्‍याउने सरकारी लक्ष्यमा सहयोग गर्न विश्व बैंकले २७ असार ०७१ मा २० मिलियन अमेरिकी डलर अनुदान र ५० मिलियन अमेरिकी डलर ऋण सहयोगको सम्झौता गरेको थियो। विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए)मार्फत नेपालमा ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना कार्यान्वयनका लागि यो रकमबाट अन्य प्रदेशसँगै मधेश प्रदेशका आठ जिल्लामा खानेपानी, सरसफाइ र स्वच्छता अभियान सुरु गरियो। मधेशमा ग्रामीण खानेपानी तथा सरसफाइ कोष समिति (फन्डबोर्ड)मार्फत ०७२/७३ मा सुरु भएको खानेपानी परियोजना १० वर्ष बितिसक्दा पनि पूरा भएको छैन। खानेपानी तथा ढल व्यवस्थापन विभाग, फन्डबोर्ड र कार्यक्रम कार्यान्वयन गर्ने इकाइको कमजोरीका कारण करिब एक अर्ब खर्चमा बनाइएका खानेपानी आयोजना अलपत्र छन्।

पानी आपूर्तिका लागि बनाइएका १२५ भन्दा बढी चारपाटे ओभरहेड खानेपानी ट्यांकीमा फन्डबोर्डको लगानी र उपभोक्ताको श्रमदान गरी सरदर ७० लाखदेखि ८० लाखसम्म खर्च भएको छ। मधेश प्रदेश आर्थिक सर्वेक्षण ०८१/८२ मा प्रदेशका ११ लाख ५६ हजार ३८३ परिवारमध्ये ७१.८ प्रतिशत परिवारले ट्युबवेल/हातेपम्पबाट, २२.६ प्रतिशतले धारा/पाइप (घरपरिसरभित्र र बाहिरसमेत) बाट, १.२ प्रतिशतले मूल धाराबाट, ०.७ प्रतिशतले ढाकिएको इनार/कुवाबाट र ०.२ प्रतिशतले जार/बोतलबाट खानेपानी प्राप्त गरिरहेको उल्लेख छ। त्यस्तै, खुला इनार कुवाबाट २.२ प्रतिशत, नदी/खोलाबाट ०.१ प्रतिशत तथा अन्य स्रोतबाट पानी उपभोग गर्नेको संख्या १.२ प्रतिशत छ।

**अधुरो आयोजना**

सिरहाको कल्याणपुर नगरपालिका– ८ को आधारभूत विद्यालय मझौलिया छेउको मुसहर बस्तीका बासिन्दाको मुख्य पेसा दैनिक ज्याला–मजदुरी हो। खानेपानीका लागि उनीहरूले समय निकालेर स्कुल हाताको चापाकलबाट पानी बोक्नुपर्छ। जबकि वर्षौंदेखिको खानेपानीको समस्या टार्न फन्डबोर्डको सहयोगमा बस्तीनजिकै खानेपानीको ओभरहेड ट्यांकी र बस्तीबिचमा सामूहिक धारो बनाइएको छ, तर धारामा पानी आउँदैन।

कल्याणपुर, ८ अरंगमा खानेपानीका दुईवटा ओभरहेड ट्यांकी बनाइएको छ। स्थानीय मोहम्मद तेजाका अनुसार बोरिङबाट निकालिएको पानीमा बालुवा आएपछि ट्यांकी अलपत्र छ। घरमा पानी नआएपछि साहुसँग ४० हजार ऋण काढेर चापाकल गाड्न बाध्य भएको बताउँछन्, किथबोलिया पासमान।

मझौलिया, अरंग र जयपुरका आयोजनामा फन्डबोर्डको आर्थिक तथा ग्रामीण सामुदायिक विकास केन्द्र (आरयुसिसी/डब्लुटिवाइसी) धनुषाले प्राविधिक सहयोग गरेको छ। मझौलिया र अरंगमा ट्यांकी बनाइएको छ भने जयपुरमा बोरिङ धसाएर छाडिएको छ। जयपुरमा ओभरहेड ट्यांकी निर्माण नहुँदा पाइप र अन्य सामग्री इलाका प्रहरी कार्यालय कल्याणपुर र अरंग खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र साहको घरमा थुपारिएको छ।

कुनै पनि आयोजनाबाट यहाँका स्थानीयले सफा पानी पाएका छैनन्। २१५ घरधुरीलाई लक्षित गरी करिब ८० लाख खर्चेर मझाउ खानेपानी आयोजना निर्माण गरिएको छ। आयोजनाका कोषाध्यक्ष लक्ष्मीनारायण कामती पानी नआउँदा पाइप बिग्रिएको बताउँछन्। उनको भनाइमा अरंगका तीन आयोजना अन्तर्गत चारवटा ओभरहेड ट्यांकी र पूर्वाधार निर्माणमा ३ करोड हाराहारी खर्च भएको छ।

फन्डबोर्डको सहयोगमा ग्रामीण सामुदायिक विकास केन्द्र धनुषाले ०७३ मा ७९ लाख ८९ हजार खर्चेर २१५ घरधुरीका लागि सुरु गरिएको खानेपानी आयोजना ०७८ मा पूरा गरेको थियो। ३० हजार क्षमताको ट्यांकी बनाएर पाइप र मिटरसमेत जडान गरिएको यो आयोजनाबाट उपभोक्ताका धारामा थोपो पानी चुहिएको छैन। सिराहाकै विष्णुपुर गाउँपालिका– १ को विष्णुपुर, हरिनगरा, शोभापुर, खोरिया र गौरीपुरमा आरयुसिसीले खानेपानीका चार आयोजना सुरु गरेको थियो। सोही योजना अन्तर्गत ६ ठाउँमा ओभरहेड ट्यांकी बनाइएको छ। एक ठाउँको पानीमा आर्सेनिक भेटिएपछि योजना नै रोकिएको छ।

विष्णुपुर 'क' खानेपानी आयोजनामा करिब दुई करोड र विष्णुपुर 'ख' खानेपानीमा एक करोड १३ लाख खर्च भएको छ। 'क' मा ३२० र 'ख' मा २७६ घरधुरीका लागि दुई ठाउँमा २५ हजार लिटर क्षमताका ओभरहेड ट्यांकी बनाइएको छ। तर, ट्यांकीदेखि घरसम्म पानी पुग्याउन पाइपसमेत जोडिएको छैन। आयोजनाका तत्कालीन अध्यक्ष पशुपति यादवको घरमा १० लाखबराबरको पाइप र अन्य सामान थुप्रिएको छ। ०७९ को स्थानीय चुनावमा एमालेबाट वडाध्यक्षको उम्मेदवार भएपछि यादवले उपभोक्ता समितिबाट राजीनामा दिएका थिए। हरेक आयोजनामा ६० लाखका दरले खर्च भए पनि धारामा पानी नचुहिएको विष्णुपुर 'ख' खानेपानी आयोजनाका अध्यक्ष राजकुमार यादव स्विकार्छन्। आफ्नो वडामा २५ देखि ३५ हजार घनमिटरका खानेपानीका ट्यांकी निर्माण भए पनि खानेपानीको समस्या यथावत रहेको उनले बताए।

सिरहामा चार गैरसरकारी संस्थाले ओभरहेड खानेपानी आयोजनाका २१ ट्यांकी निर्माण गर्न फन्डबोर्डसँग ०७३ जेठमा सम्झौता गरेको थियो। तीमध्ये २० वटाको काम पूरा भएको छ भने कल्याणपुर नगरपालिका–८, जयपुरमा गाडिएको बोरिङ अलपत्र छ। सिरहा मात्र नभई मधेश प्रदेशका आठै जिल्लाको साझा समस्या हो यो। सबै जिल्लामा खानेपानीका आयोजना अलपत्र छन्। पर्यटन प्रवर्द्धनका नाममा विकास बजेट खर्चेर बनाइएका 'भ्युटावर'कै शैलीमा मधेशमा फन्डबोर्डको आयोजना अन्तर्गत १०औँ समूहमा एकै किसिमका १२५ वटा चारपाटे ओभरहेड ट्यांकी बनाएको छ। जुन ट्यांकीको डिजाइन फन्डबोर्डले नै गरेको हो। 'एक घर एक धारा' नारासहित फन्डबोर्डमार्फत २७ गैरसरकारी संघसंस्थाले त्यस्ता ट्यांकी बनाएका छन्।

०७३ मा सुरु भएका यी आयोजना ०७८ असारमा फेजआउट भएका थिए। यी आयोजनामा कुल लागतको २.५ प्रतिशत उपभोक्ताले नगद जम्मा गर्नुपर्ने तथा घरघरसम्म खानेपानीको पाइप बिछ्याउन जनश्रमदान गर्नुपर्ने सर्तसहित आयोजना अघि बढेको ग्रामीण खानेपानी सामुदायिक विकास केन्द्र (आरयुसिसी) धनुषाका अध्यक्ष रामचन्द्र साहले बताए। साहका अनुसार अहिले कुनै पनि आयोजना सञ्चालनमा छैनन्। 'पम्प हाउस बन्यो, इलेक्ट्रोमेकानिकल काम पनि भयो,' उनले भने, 'कतिपय ठाउँमा सडकमा पाइप बिछ्याउने काम भएन। निर्माण चरणमै ४८ महिना बित्यो।' उनका अनुसार ०७८ असारमा फन्डबोर्ड खारेज भएपछि सबै आयोजनाको जिम्मा खानेपानी विभागले लिएको छ।

**अनियमितताका नमुना**

महोत्तरीको मटिहानी नगरपालिका– ९ को सिमरदही गाउँको महादेव मन्दिरनजिकै खानेपानी ट्यांकी निर्माण गरिएको छ। 'के–के गरेको हो, हामीलाई थाहा पनि छैन,' वडाध्यक्ष मदन चौधरी भन्छन्, 'बोरिङ कहिले पनि चालू भएन, पानी पनि आएन।' सय घरधुरीका लागि बनेको खानेपानी आयोजनामा करिब ६० लाख खर्चेको भए पनि प्रयोगमा आएको छैन। मटिहानीकै वडा नं १ को हिरापुर र सिसराहीमा दुई ओभरहेड

–बाँकी तीन पेजमा

*एक अर्ब सकियो,...*

ट्यांकी बनाइएको छ। सबै संरचना तयार भएर पनि पानी नपुऱ्याउनुले अनियमितताको आशंका गर्छन् वडाध्यक्ष शिवशंकर राय। रायले भने, 'यो योजनामा जनतालाई देखाएर ठग्ने काम भएको छ।'

धनुषाको विदेह नगरपालिका–६ को एकराही र मुरिबामा समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) धनुषाले ७० लाख खर्चेर ओभरहेड ट्यांकी बनाएको छ। उपभोक्ता समितिका अध्यक्ष जयशंकर मण्डल खत्वे गरिब बस्तीलाई लक्षित गरी आयोजना निर्माण गरिए पनि पानी पुग्न नसकेको बताउँछन्।

विदेह नगरपालिका– ६, मुरिबा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष शम्भुनाथ यादव ट्यांकी निर्माण गरी ३५० घरधुरीमा पानी पुऱ्याइएको भए पनि आयोजना अझै पूरा नभएको बताउँछन्। उनका अनुसार ६५ लाखको यो आयोजना फन्डबोर्ड खारेज भएपछि अधुरो हुन पुगेको हो। विदेह– ६ को मुरिबा र एकराहीमा दुई ओभरहेड खानेपानी ट्यांकी निर्माण गरिएको छ। तर, पनि पानी वितरण गर्न नसकिएको बताउँछन् नगरप्रमुख बेचन दास। उपभोक्ताले पानी नपाएपछि नगरपालिकाले आवश्यकताका आधारमा चापाकल वितरण गर्दै आएको मेयर दासले जानकारी दिए।

सर्लाहीको चन्द्रनगर गाउँपालिकाका १, ६ र ७ वडामा खानेपानीका तीन आयोजना निर्माण भए पनि सञ्चालनमा आएका छैनन्। चन्द्रनगरका ९ हजारभन्दा धेरै उपभोक्तालाई खानेपानी सुविधा पुऱ्याउने उद्देश्यले सञ्चालित तीनै आयोजना अलपत्र रहेको गाउँपालिका अध्यक्ष राजकुमार महतोले बताए। उनका अनुसार आयोजना अलपत्र छाडेको संस्थाले पालिकासँग कुनै सम्पर्क गरेको छैन भने आयोजनासँग सम्बन्धित कागजात पनि पालिकासँग छैन।

मधेश प्रदेशमा सञ्चालित यी परियोजनामा १४ स्थानीय गैरसरकारी संस्थाले हात हालेका थिए। अरुणोदय युवा क्लब, महुवन (एवाइसिएम)ले दुई आयोजना, रौतहटमा विकासको लागि साथीहरू नेपाल (एफएफडिएन)ले ६ आयोजना र सेभ द इन्भारोमेन्ट अफ नेपाल (एसटिइएन) ले ती आयोजना, जनताको ग्रामीण विकास तथा जनजागृति कार्यक्रम (पिआरडिएपिएस/एमडिजेयुएस)ले महोत्तरी र धनुषामा ६ आयोजना, महोत्तरीमा ग्रामीण सामुदायिक विकास तथा सेवा परिषद् (आरसिडिएससी)ले सात र रतौली युवा क्लब (आरवाइसी/डब्लुएएस) ले चार गरी ११ आयोजना पूरा गर्न नसकेपछि फन्डबोर्डले सार्वजनिक सूचना निकालेको थियो।

सर्लाहीमा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र (आरआरपिके सर्लाही) ले ६, बागमती सेवा समाज नेपाल (बिडब्लुएसएन) ले ६, समाज सेवा युवा संघ (एसएसवाइएस) चार, ग्रामीण सामुदायिक विकास केन्द्र (भिसिडिसी)ले चार गरी १९ आयोजना अघि बढाएका थिए। सप्तरीमा श्रीपूराज सामुदायिक विकास केन्द्र (एससिडिसी–सप्तरी) ले चार र सेभ द सप्तरी (एसटिएस) ले पाँच गरी नौ आयोजना अधुरो राखेपछि ताकेता गरिएको थियो। धनुषामा सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडिआरसी–जेएएनपी) ले आठ र समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) ले पाँच गरी १३ आयोजना अधुरो भएपछि फन्डबोर्डले सूचना निकालेर ती संस्थालाई ताकेता गरेको थियो।

**खानेपानीमा फस्टाएको राजनीति**

खानेपानी घरघरमा पुऱ्याउने नाममा परियोजना हात पार्न प्रदेशका मन्त्रीदेखि पालिका प्रमुखसम्मले ठुलै जोडबल गरेका थिए। यसका लागि प्रदेशका तात्कालीन मन्त्रीहरू ज्ञानेन्द्रकुमार यादव (जसपा), शेषनारायण यादव (कांग्रेस) देखि पालिकाका प्रमुख, प्रतिनिधिसभा सदस्यका उम्मेदवारसम्मले आ–आफ्ना संस्थालाई परियोजना दिलाउनका लागि दबाब दिए। फन्डबोर्डका अधिकारीहरू राजनीतिक पहुँच निकटका संघसंस्थासँग सम्झौता गर्न बाध्य भए।

तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादव नेतृत्वको समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) धनुषाले पाँच आयोजनामा हात हालेको थियो। तीमध्ये कुनै पनि आयोजना पूरा भएको छैन। धनुषाको विदेह नगरपालिका– ६ को एकराही र मुरिबामा दुई ओभरहेड ट्यांकी बनाइएको छ। तर, घरहरूमा पानी पुग्न नसकेको पूर्वमन्त्री यादव स्विकार्छन्। आयोजना निर्माणको अन्तिम चरणमा फन्डबोर्डले हात झिकेपछि अलपत्र परेको भन्दै उनले त्यसमा स्थानीय उपभोक्ता र पालिकाले लगानी गर्न सक्ने अवस्था नभएको बताए। यसबाट खानेपानी विभाग पन्छिन नमिल्ने यादवको भनाइ छ।

त्यस्तै, तत्कालीन खानेपानीमन्त्री शेषनारायण यादवको संस्था सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडिआरसी–जेएएनपी) धनुषाले आठ आयोजनामा काम गरेको थियो। तर, कुनै पनि आयोजना पूरा नगरेपछि बोर्डले सूचना नै जारी गरेको थियो। पूर्वमन्त्री यादवले प्रदेशका आयोजनाबारे कुनै चासो राखेका छैनन्। ०७४ को स्थानीय तह निर्वाचनमा पर्सागढी नगरपालिकाको मेयरमा कांग्रेसबाट निर्वाचित लोकनारायण यादवको संस्था सूर्य उदय युवा क्लबले सिराहाको नरहा गाउँपालिकाका ४ र ५ वडामा निर्माण गरेको ओभरहेड खानेपानी आयोजना अलपत्र छ। फन्डबोर्ड खारेज भएपछि आयोजनाको सबै काम ठप्प छ।

सोही निर्वाचनमा एमालेबाट जलेश्वर नगरपालिकाको मेयरमा प्रतिस्पर्धा गरेका रामाधार कापरको ग्रामीण सामुदायिक विकास तथा सेवा परिषद् (आरसिडिएससी)ले महोत्तरीको मटिहानी, पिपरालगायतका स्थानीय तहमा सात ओभरहेड खानेपानी आयोजना निर्माण गरेको छ। फन्डबोर्ड खारेज भएर सबै जिम्मेवारी विभागमा पुगेपछि आयोजनाको काम ठप्प भएको कापरको भनाइ छ। 'कुनै ठाउँमा बोरिङ बिग्रिएको छ,' उनले भने, 'पालिकासँग समन्वय गरे पनि राजनीतिक रूपमा हेरेकाले ओभरहेड ट्यांकी प्रयोगमा आएको छैन।'

सोही निर्वाचनमा कांग्रेसबाट सप्तरीको राजविराज नगरपालिकाको मेयरका प्रतिस्पर्धी ध्रुव देव नेतृत्वमा रहेको सेभ द सप्तरी संस्थाले सप्तरीमा पाँच योजनामा काम गरेको छ। देवका अनुसार संरचनासँगै पाइप बिछ्याइएको भए पनि जनसहभागिता नभएपछि काम अधुरो भएको र उपभोक्ता समितिकै जिम्मामा निर्माण सामग्रीहरू राखिएको छ। त्यस्तै, सोही निर्वाचनमा महोत्तरीको पिपरा गाउँपालिकाको अध्यक्षमा राष्ट्रिय जनता पार्टी (राजपा) बाट निर्वाचित विनोदकुमार चौधरीका भाइ बैजनाथ नेतृत्वको संस्था रतौली युवा क्लबले पिपरा, भंगाहामा खानेपानी ओभरहेडका चार ट्यांकी निर्माण गरेकोमा धारामा पानी चुहिएको छैन।

ती आयोजनामा गैरसरकारी संस्थाहरूले ढिलाइ गरेपछि फन्डबोर्डले दुईपटक सूचना जारी गरेको थियो। ३० फागुन ०७६ मा पहिलोपटक सूचना जारी गर्दै परियोजनामा संलग्न कतिपय संस्था एवं उपभोक्ता समितिहरूले गरेका लिखित प्रतिबद्धताअनुसार कार्यप्रगति नदेखिएको, कार्यसम्पन्न प्रतिवेदन नबुझाएको र पटक–पटक ताकेता गर्दासमेत बेवास्ता गरेको भन्दै काम सम्पन्न नगर्ने संस्थाका अध्यक्ष, टिम लिडर तथा उपभोक्ता समितिहरूलाई कारबाही गरिने जानकारी गराएको थियो। त्यस्तै, २० असोज ०७८ मा अर्को सूचना जारी गर्दै परियोजना सम्पन्न नगरेका र अन्तिम प्रतिवेदन पेस नगरेका संघसंस्थाको सूची सार्वजनिक गरेको थियो।

मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साह मधेशका दक्षिणी र उत्तरी क्षेत्रमा भूमिगत पानीको अवस्थाबारे अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउँछन्। मधेशका खानेपानीमन्त्री जवाहरलाल कुशवाह कुनै पनि निकायले बनाएका अधुरा आयोजना मर्मत–सम्भार गरी सञ्चालनमा ल्याउनुपर्ने बताउँछन्। पर्याप्त बजेट नभए पनि अधुरा आयोजना सम्पन्न गर्न प्रदेश सरकारले आवश्यक समन्वय गर्ने मन्त्री कुशवाहले आश्वासन दिए। काम गर्न नसकेका गैरसरकारी संघसंस्थालाई नियमनमा ल्याउनुपर्ने पनि बताए।

खानेपानी तथा ढल निकास व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ अधुरा योजनाहरूको अवस्थाबारे विभागका तर्फबाट अनुगमन भइरहेको बताउँछन्। कतिपय परियोजनामा स्थानीयको श्रमदानको समस्या, कतिपय स्थानीय तहले आयोजनाको अपनत्व नलिनु तथा विश्व बैंकले हात झिक्दा आयोजना अलपत्र परेको स्विकार्दै महानिर्देशक श्रेष्ठले अधुरो आयोजना सञ्चालनमा ल्याउन अर्थ मन्त्रालयसँग स्रोत सहमतिको आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिए। फन्डबोर्डका तत्कालीन आयोजना प्रमुख सञ्जय मिश्रा खानेपानी विभागले आवश्यक बजेट विनियोजन गरी योजना पूरा गर्नुपर्ने बताउँछन्। विभागले स्थानीय र प्रदेश सरकारसँग समन्वय गरी निकास निकाल्नुपर्ने मिश्राको भनाइ छ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरका प्रमुख इन्जिनियर मिहिर आचार्यका अनुसार पुराना अधुरा आयोजना सञ्चालन गर्न संघीय सरकारले ३ करोड छुट्याएको छ। जसबाट पहिलो चरणमा सिराहा, सप्तरी, धनुषा र महोत्तरीका एक–एक योजना छनोट गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। तर, फन्डबोर्डका योजनाका लागि भने बजेट छुट्याइएको छैन। उता, खानेपानी तथा ढल व्यवस्थापन विभागका योजना शाखा इन्जिनियर धीरज खड्का फन्डबोर्ड खारेज हुने क्रममा मधेशका ४२ आयोजना अनगोइङ भन्दै आफूहरूलाई बोर्डका कर्मचारीले कागजात बुझाएको बताउँछन्। स्थलगत अध्ययनमा सिराहा, सप्तरी, महोत्तरी र धनुषाका योजनाहरू अधुरो पाएको उनले जानकारी दिए। फन्डबोर्ड र अन्य निकायबाट निर्माण गरिएका आयोजनाको स्थलगत सर्वे गरिएको भन्दै संघीयमातहतका वीरगन्जमा ६ करोड र जनकपुरधाम कार्यालयमा छुट्याएको ३ करोडबाट मर्मतसम्भार गर्न लागिएको खड्काले बताए।

# मधेस प्रदेशमा ४० वटा आधारभूत विद्यालयका भवन बनाउँदै 'विल्डअन'

सिरहा, ८ चैत्र। विद्यालय भवनको अभाव र जीर्ण अवस्थालाई मध्यनजर गर्दै 'विल्डअन' नेपालले मधेस प्रदेशमा ४० वटा आधारभूत विद्यालयका भवन निर्माण गर्ने भएको छ। सन् २०२६ भित्र उक्त लक्ष्य पूरा गर्ने योजनासहित संस्थाले काम अघि बढाएको हो। शुक्रबार सिरहाको लहानमा आयोजित कार्यक्रममा विल्डअन नेपाल, लहान नगरपालिका र स्थानीय समुदायबिच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरिएको छ। सम्झौतापछि लहान २ स्थित भानु आधारभूत विद्यालय, लहान–१ स्थित आधारभूत विद्यालय सिंगराही मटियर्वा र लहान–४ स्थित मधेस सहिद विजय सहनी आधारभूत विद्यालयमा तीन कोठे भवन तथा दुई कोठे शौचालय निर्माणको संयुक्त रूपमा शिलान्यास गरिएको हो।

शिलान्यास कार्यक्रममा विल्डअनको केन्द्रीय कार्यालय धनगढीकी निर्देशक निर्मला चौधरी र लहान नगरप्रमुख महेशप्रसाद चौधरी सहभागी थिए। भवन निर्माणका लागि विल्डअन र नगरपालिकाबीच संयुक्त साझेदारी रहनेछ भने स्थानीय समुदायको जनश्रमदान अनिवार्य रहनेछ। यसअनुसार एक विद्यालय भवन निर्माणका लागि लाग्ने अनुमानित लागत रु ४९ लाख ९८ हजारमध्ये संस्थाले रु ३३ लाख ९७ हजार व्यहोर्ने छ भने नगरपालिकाले रु १५ लाख योगदान गर्नेछ।

निर्देशक चौधरीले ग्रामीण क्षेत्रमा शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले आवश्यकताअनुसार विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्दै आएको बताइन्। "विद्यालय भवन अभाव, जीर्ण अवस्था र विद्यार्थी संख्यालाई ध्यानमा राखेर हामीले भवन निर्माणमा सहयोग गर्दै आएका छौँ", उनले भनिन्, "लहानबाट यो अभियान सुरु भइसकेको छ र अन्य स्थानमा विद्यालय व्यवस्थापन समिति र प्रशासनसँग छलफल भइरहेको छ।"

उनले सिरहामा २० वटा तथा समग्र मधेस प्रदेशमा ४० वटा विद्यालय भवन निर्माण गर्ने योजना रहेको जानकारी दिइन्। निर्माण कार्य तीन महिना १६ दिनभित्र सम्पन्न गर्ने लक्ष्य रहेको उनले स्पष्ट पारिन्। यी आयोजना सम्पन्न भएपछि वार्षिक रूपमा क्रमशः ५० र ६० वटा थप भवन बनाइने उनले जानकारी दिइन्। विल्डअन एक अमेरिकी अन्तरराष्ट्रिय गैरनाफामूलक संस्था हो, जसले विकासोन्मुख देशहरूमा विद्यालय पूर्वाधार निर्माण गर्दै आएको छ। संस्थाका स्वयंसेवकहरू प्रत्यक्ष फिल्डमा खटिएर स्थानीय समुदायसँग सहकार्य गर्दै निर्माण कार्य सम्पन्न गर्ने कार्यक्रममा जानकारी दिइएको थियो।

चौधरीका अनुसार निर्माण कार्यमा छड, सिमेन्ट, फलाम, फर्निचरलगायत सामग्री संस्थाले उपलब्ध गराउनेछ भने स्थानीय तहले बालुवा, गिट्टी र ढुङ्गा उपलब्ध गराउनेछन्। साथै, स्थानीय समुदायको अपनत्व र दीगोपनाका लागि श्रमदान अनिवार्य गरिएको छ। सन् १९९४ देखि विद्यालय संरचना निर्माण र साक्षरता अभियानमा सक्रिय रहेको विल्डअनले समाजकल्याण परिषद्बाट स्वीकृति लिएर मात्र निर्माण प्रक्रिया अघि बढाउने गरिएको जनाएको छ। हालसम्म संस्थाले नेपालका सुदूरपश्चिम र लुम्बिनी प्रदेश लगायतमा चार सय ५७ विद्यालयमा भवन निर्माण गरिसकेको छ भने बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा गरी १५ वटा विद्यालय भवन निर्माणाधीन छन्।

नगरप्रमुख चौधरीले शैक्षिक क्षेत्रमा संस्थाले पुऱ्याएको योगदानप्रति आभार व्यक्त गर्दै नगरपालिकाबाट आवश्यक सबै प्रकारको सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले भने, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारविना गुणस्तरीय शिक्षा सम्भव हुँदैन। यस प्रकारको साझेदारीले शिक्षाको स्तर उकास्न ठुलो सहयोग पुग्नेछ। नगरपालिकाको तर्फबाट आवश्यक स्रोतसाधन र सहकार्यमा कुनै कमी हुन दिइने छैन।"

# एभरेष्ट चिनी उद्योगमा उखु अभाव

महोत्तरी, ८ चैत्र। चालु आर्थिक वर्ष २०८२/८३ को याममा महोत्तरीको गौशाला नगरपालिका–१ रामनगरस्थित एभरेष्ट चिनी उद्योगले उखु अभाव हुँदा क्रसिङ लक्ष्य हासिल गर्न सकेन। यस याममा ८९ दिन मात्र उखु क्रसिङ गरिएकामा २८ लाख ५३ हजार १७८ क्विन्टल क्रसिङ भएको उद्योगले जनाएको छ। उद्योगले राखेको लक्ष्यभन्दा दुई लाख ४७ हजार ८२२ क्विन्टल कम हो। उद्योगले यसयाममा ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेको थियो। "हामीले ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेका थियौँ, तर उखु पर्याप्त नपाइँदा यो लक्ष्य हासिल गर्न सकेनौँ", उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले भने, "उखुको अभावले कैयौँ पटक क्रसिङ रोक्दै चलाउँदै गर्नुपर्‍यो।" उद्योगले गत पुस ७ गते थालेको क्रसिङ गत बिहीबारसम्म सञ्चालन गरेको थियो।

उद्योगले पछिल्ला तीन/चार वर्षयता उखुको भुक्तानी प्रक्रिया सरल बनाए पनि उखुखेती बढ्न सकेको छैन। एक दशकअघि १५ हजार बिघामाथि रहेको उखुखेती चार वर्षअघि झरेर ५/६ हजार बिघामा खुम्चिएको छ। त्यसअघिका वर्षमा भुक्तानी झन्झटिलो हुँदा खेती गर्न छाड्दै गएका किसानले पछिल्ला तीन वर्षयता यो प्रक्रिया सरल बनाउँदै लगेपछि क्रमशः खेती बढाउँदै लगेका छन्। हाल करिब ९ हजार बिघामा उखुखेती हुने गरेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले जानकारी दिए। "उद्योगले भुक्तानी प्रणाली सरल बनाएपछि खेती गर्ने किसानको संख्या केही बढेको छ, तर मूल्य निर्धारण र अनुदानमा भने किसान समस्यामा छ", उनले भने, "यही समस्या समाधान नहुँदा किसानमा उत्साह जाग्न सकेको छैन।"

उखु किसानका प्रतिनिधि संस्थाले उद्योग, सरकार र

**–बाँकी अन्तिम पेजमा**

# निःशुल्क स्वास्थ्य शिविरमा विपन्न समुदाय लाभान्वित



**जीवछ यादव**

लहान, ८ चैत्र। लायन्स क्लव अफ फूलवारी लहानले नवराजपुर गाउँपालिका-१, करमनियाँमा शनिबार आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट विपन्न समुदायले प्रत्यक्ष लाभ पाएका छन्। ६५ वर्षीया शान्ति देवी पासवानले भन्नुभयो, "गाउँमै आएर गरिएको जाँच र उपलब्ध गराइएको औषधीले ठुलो राहत प्राप्त भएको छ। लहान गएर जाँच गराउन समय मिल्दैनथ्यो। गाउँमै आएको शिविरमा उपचार पाएर खुसी छु। यस्तो शिविर नियमित भए विपन्न दलित समुदायलाई निकै राहत पुग्नेछ।"

क्लवका अध्यक्ष काशिन्द्र प्रसाद यादवका अनुसार शिविरमा २९७ जना विपन्न दलित समुदायका स्थानीयहरुको स्वास्थ्य जाँच गरिएको थियो। आवश्यक औषधी उपलब्ध गराइएको साथै थप जाँचको सल्लाह दिइएको थियो। शिविरमा मधुमेह, रक्तचाप, महिला रोग, दन्त रोगसहित सामान्य स्वास्थ्य समस्याको जाँच गरिएको थियो। जाँच गर्ने चिकित्सकहरूमा वरिष्ठ फिजिसियन रितेश गिरी, वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ गीता यादव, जेनरल फिजिसियन सुशान्त कुमार र डेन्टल सर्जन विनिता गुप्त रहनुभएको थियो।

शिविर बिहान ८ देखि बेलुका ५ बजेसम्म फेकनी आधारभूत विद्यालयमा सञ्चालन भएको थियो। वरिष्ठ फिजिसियन गिरीका अनुसार, रक्तचाप, मधुमेह र दन्त रोगका बिरामीमध्ये तत्काल उपचार आवश्यक देखिएका व्यक्तिहरूलाई औषधी उपलब्ध गराई थप जाँचका लागि सल्लाह दिइएको थियो। नवराजपुर गाउँपालिका-१ का वडाध्यक्ष नविन यादवले भन्नुभयो, "ग्रामीण भेगमा लायन्स क्लव अफ फूलवारी लहानले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरले विपन्न दलित समुदायमा स्वास्थ्य सेवा पहुँच पुर्‍याएको छ। यसकारण वडाले नियमित स्वास्थ्य शिविर सञ्चालन गर्ने योजना बनाउनेछ।"

# मिथिलाञ्चलमा चैती छठ पर्व सुरु

**विनय कर्ण**

सप्तरी, ८ चैत्र। मिथिलाञ्चलमा आइतबारदेखि चैते छठ पर्व सुरु भएको छ। विभिन्न विधि गरी चार दिनसम्म मनाइने यस पर्वको चैते छठ आइतबारदेखि सुरुवात भएको हो। पहिलो दिन आइतबार व्रतीहरूले नहाय खाय अर्थात् नुहाएर खाने जीउ चोख्याउने काम गर्नेछन्। दोस्रो दिन सोमबार व्रतीहरूले दिनभरि निराहार उपवास बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गर्नेछन् र राति अरवा अरबाइन चोखो खानेकुरा खाने चलन रहि आएको छ। तेस्रो दिन मंगलबार षष्ठी तिथिमा व्रतीहरूले छठ घाटमा पुगेर अस्ताउदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षत फुल हालेर अर्घ दिन्छन् भने बुधबार बिहानै छठघाटमा पुगी उदाउँदो सूर्यलाई अर्घ दिएर चैती छठ पर्वको समापन हुने छ। हिन्दु धर्मावलम्बीहरूले मनाउने पर्वहरु मध्ये सबैभन्दा कठोर मानिएको छठ पर्व मधेश प्रदेश, कोशी प्रदेशसहित मिथिला संस्कृति मान्ने सबै ठाउँमा मनाइँदै आएको छ।

आराध्यदेव सूर्यदेवको उपासना गरी मनाउने छठ पर्व पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा हुने धार्मिक मान्यता रहि आएको बताउनुहुन्छ, पण्डित कमलकान्त झा। सूर्य पुराण अनुसार सर्वप्रथम श्रीमती अनुसुइयाले छठ व्रत गर्नुभएको थियो। फलस्वरुप उहाँले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको उहाँले बताउनुभयो।

# फुटपाथ अतिक्रमण हटाउँदै कञ्चनरुप नगरपालिका

**विनय कर्ण**

सप्तरी, चैत ८ गते। सप्तरीको कञ्चनरुप नगरपालिकाले सहरलाई स्वच्छ, सफा र व्यवस्थित बनाउने उद्देश्यले फुटपाथ अतिक्रमण हटाउने अभियान सञ्चालन गरेको छ। नगरपालिकाको वडा नम्बर ८ स्थित पर्ने बेरियर-कञ्चनपुर-फत्तेपुर सडक खण्डमा फुटपाथ अतिक्रमण हटाउने अभियान सञ्चालन गरेको हो। अभियान अन्तर्गत शनिबार सडकको दुवैतर्फ रहेका फुटपाथमा अतिक्रमण गरी बनाइएका अस्थायी छाना तथा संरचनाहरू हटाइएको नगरप्रमुख ललन प्रसाद गुप्ताले जानकारी दिनुभयो।



उहाँले सवारी आवागमनमा अवरोध पुर्‍याउँदै आएको 'गुद्री बजार' लाई समेत व्यवस्थापन गरिएको बताउनुभयो। नगरपालिकाका अनुसार उक्त कदम नागरिकलाई सास्ती दिन नभई सुरक्षित, सफा र सुन्दर सहर निर्माण गर्ने उद्देश्यले चालिएको हो। "स्वच्छ र सफा बेरियर" को परिकल्पनालाई मुर्त रुप दिन यो अभियान सुरु गरिएको नगरप्रमुख गुप्ताले स्पष्ट पार्नुभयो।

यसैबीच, नगरपालिकाले आगामी दिनमा सडक तथा फुटपाथको मर्मत र स्तरउन्नति गर्ने, नियमित सरसफाइ तथा सौन्दर्यीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, साथै बजार क्षेत्रमा सवारी आवागमन र पैदलयात्रीमैत्री वातावरण सुनिश्चित गर्ने योजना अघि सारेको जनाएको छ। अभियानलाई सफल बनाउन जनप्रतिनिधि, नगर प्रहरी, प्राविधिक टोली तथा नेपाल प्रहरी र ट्राफिक प्रहरीको सहभागिता रहेको कञ्चनरुप नगरपालिकाले जनाएको छ।

## *सात महिनाकी...*

अहिले मुख्य प्रश्न बालिका कहाँ छिन् भन्ने हो।'

आरोपित महेश्वर यादवसँग बुझ्न बिहीबार उनको घर पुग्दा उनी भेटिएनन्। घरमा रहेका आफन्तले उनको अवस्थाबारे आफूहरूलाई जानकारी नभएको बताएका छन्। वडासदस्यको मोबाइल पनि स्विचअफ गरिएको छ। घटनाप्रति स्थानीय जनप्रतिनिधिले पनि निष्पक्ष अनुसन्धानको माग गरेका छन्। सुरुंगा- ३ का वडाध्यक्ष किरणकुमार पोखरेलले दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्ने बताए। 'निर्दोष फस्नु हुँदैन, दोषी उम्किनु हुँदैन। वडा कार्यालय अनुसन्धानमा सहयोग गर्न तयार छ,' उनले भने। सुरुंगा- १ का वडाध्यक्ष छत्रबहादुर राउतले पनि बालिकाको अवस्था तत्काल सार्वजनिक गर्न माग गरे। 'बालिका कहाँ छिन् भन्ने पत्ता लागेन भने म प्रहरी कार्यालयअगाडि धर्नामा बस्छु' उनले भने।

**प्रहरी भन्छ- अनुसन्धानकै क्रममा छ**

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बरबहादुर पुरीले घटनालाई गम्भीर रूपमा लिएर खोजी तथा अनुसन्धान सुरु गरिएको बताए। 'बालिकालाई उनकी दिदीले लिएर गएको भन्ने सूचना छ। मातहतका युनिटले घटनाबारे बुझिरहेका छन्। प्रहरी टोली परिचालन गरिएको छ,' पुरीले भने, 'बालिकाका दुई दिदी पनि सम्पर्कमा छैनन्, उनीहरू सम्पर्कमा आएपछि बालिकाको अवस्था स्पष्ट हुन्छ। बालिका फेला परेपछि स्वास्थ्य परीक्षणमार्फत गर्भावस्था पुष्टि गरिने उनले बताए। त्यसपछि यौन शोषण वा जबर्जस्तीका कोणबाट थप अनुसन्धान अघि बढाइनेछ। घटनाको अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी परेको थियो। तर, क्षेत्राधिकारअनुसार इलाका प्रहरी कार्यालय भेडिया रहेकाले त्यतै पठाइएको पुरीले बताए। इलाका प्रहरी कार्यालय भेडियाका प्रमुख, प्रहरी निरीक्षक पूर्णकुमार राईले मिडियासँग बोल्ने क्षेत्राधिकार जिल्ला प्रहरी प्रवक्ताको मात्र रहेको भन्दै पन्छिए।

## *एभरेष्ट चिनी...*

आफूसहितको सहभागितामा प्रत्येक वर्ष कात्तिक मसान्तभित्र उखुको मूल्य निर्धारण भइसक्नुपर्ने र अनुदान बढाउन पर्ने माग गर्दै आएका छन्। सरकारले किसानका प्रतिनिधिलाई खोज्दै नखोजी एकपक्षीय रूपमा मूल्य निर्धारण गर्दै आएको कुशवाहाको गुनासो छ। यो मूल्य निर्धारण पनि बाली तयार भइसकेपछि किसानलाई कमजोर बनाएर हुँदै आएको उनले बताए।

यो अवस्थाले खेती बढ्न नसक्दा किसान र उद्योग दुवैलाई मर्का परेको कुशवाहाले जानकारी दिए। "किसानले उखुको मूल्य प्रतिक्विन्टल रु ७५० माग गरे पनि सरकारले उखुको मूल्य रु ६२० र अनुदान रु ७० गरी रु ६९० कायम गरेको छ। यो बढ्दो खेतीको लागत र आममूल्यवृद्धिको अनुपातमा कम हो", उनले भने। चिनी उद्योगले उखुको भुक्तानी तौल भएको दुई साता ननाघ्दै दिँदै आएको जनाएको छ। पछिल्लो एक साता (फागुन २७ देखि चैत ५) सम्मको मात्र उखुको भुक्तानी बाँकी रहेको उद्योगका महाप्रबन्धक शुक्लाले बताए। केही दिनभित्रै भुक्तानी गरिसक्ने उद्योगले जनाएको छ।

हालसम्म गत फागुन २६ गतेसम्म तौल भएका २६ लाख ३२ हजार क्विन्टल उखुको रु एक अर्ब ६२ करोड भुक्तानी किसानका बैंक खातामा गइसकेको उद्योगका महाप्रबन्धक शुक्लाले जानकारी दिए। उनका अनुसार यो भुक्तानी रकम एक हजार १७४ किसानले पाएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# कसले लग्यो राजविराज कारागारभित्र गाँजा ?

**विद्यानन्द राम**

राजविराज, ८ चैत्र। सप्तरीको राजविराज कारागारमा गाँजा, सेवन गर्न प्रयोग हुने चिलिम र एउटा मोबाइल बरामद भेटिएको विषयमा गठित छानबिन समितिले पनि कारण पत्ता लगाउन सकेको छैन। गत माघ २० गते बिहान त्यहाँका कैदीबन्दीलाई चेक गर्दा १० ग्राम गाँजा, चिलिम र एउटा मोबाइल बरामद भएको थियो। घटना छानबिन गर्नका लागि जिल्ला प्रशासन कार्यालयले प्रशासकीय अधिकृतको नेतृत्वमा कारागारका प्रमुख, जिल्ला प्रहरी कार्यालयका असई र प्रशासनकै नायब सुब्बा सम्मिलित छानबिन समिति गठन गरेको थियो। तर, समितिले लामो समय लगाएर छानबिन गर्दा पनि त्यहाँसम्म गाँजा, चिलिम र मोबाइल कसले पुर्‍याएको विषय पत्ता लगाउन सकेको छैन।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले कारागारमा देखिएका समस्या र त्रुटिहरु उल्लेख गरी समितिले प्रतिवेदन बुझाएको बताए। 'ठ्याक्कै कसरी त्यहाँसम्म ती सामग्री पुगेको हो त्यस विषयमा प्रहरीको अनुसन्धानले देखाउला,' उनले भने, 'कहीँ सेटिङ–साँठगाँठ छ कि भनेर केही कर्मचारी र प्रहरीलाई सरुवाका लागि विभागलाई पत्र पठाइसकेका छौं।' प्रतिवेदनमा उल्लेख भएका सुरक्षा चेकमा आधुनीकीकरण, सीसीटिभी र टेस्ट मेसिनको प्रयोग, पर्याप्त मात्रामा सुरक्षाकर्मी बढाउनका लागि कारागार विभागमा आग्रह गरिसकेको उनले बताए। 'प्रतिवेदन कार्यान्वयन भइदियो र साधन–स्रोत पर्याप्त भइदियो भन्ने कारागार व्यवस्थापनमा सुधार हुने हाम्रो अपेक्षा छ,' प्रजिअ पोखरेलले भने।

'ए ब्लक'मा एउटै कोठामा बस्दै आएका महदेवा गाउँपालिका-१ का सुमित मण्डल, राजविराज नगरपालिका-६ का सुरज राउत र वडा नम्बर-५ का अभिषेक मण्डललाई चेक गर्दा ती प्रतिबन्धित सामग्री बरामद भएको थियो। घटनापछि चोरी, हातहतियार तथा लागूऔषध ओसारपसारसम्बन्धी मुद्दामा ४ वर्ष सजाय भोगिरहेका सुमित र कर्तव्य ज्यानसम्बन्धी मुद्दामा ३ वर्ष ४ महिना कैद काटिरहेका सुरजलाई रौतहट कारागार पठाइएको छ भने विभागबाट अनुमति पाउन बाँकी रहँदा ठगी तथा नागरिकता कसूरमा थुनुवा रहेका अभिषेक यहीँ छन्।

यता, प्रहरीले पनि बरामद भएको मोबाइलको 'कल हिस्ट्री'बाट अनुसन्धान अघि बढाए पनि अहिलेसम्म कारण खुलाउन सकेको छैन। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले त्यस विषयमा अनुसन्धान भइरहेको बताए। 'अहिले हामी अनुसन्धानकै क्रममा छौं,' उनले भने।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)